नेपाल सरकार

मा. गिता चौधरी
मन्त्री
कृषि, वन तथा पर्यावरण मन्त्रालय

सिंहदरबार, काठमाडौं
इमेल: gc.tharu07@gmail.com

## शुभकामना

### दोश्रो राष्ट्रिय कोदो दिवस, २०८३

### "कोदोबाली संरक्षण र प्रवर्धन, खाद्य तथा पोषण सुरक्षा संवर्धन"

"कोदोबाली संरक्षण र प्रवर्धन, खाद्य तथा पोषण सुरक्षा संवर्धन" भन्ने नाराका साथ मनाइँदै गरिएको दोस्रो राष्ट्रिय कोदो दिवसको अवसरमा सबै किसान तथा सरोकारवालामा शुभकामना व्यक्त गर्दछु। कोदो लगायतका विभिन्न कोदोजन्य बालीहरु देशमा खाद्य तथा पोषण सुरक्षा कायम गर्न एवं जलवायु परिवर्तनका कारण कृषि उत्पादनमा बढ्दै गएको जोखिम र चुनौतिलाई कम गर्न उपयोगी छन्। नेपालमा ऐतिहासिक रुपमा नै कोदोजन्य बालीको खेती र उपभोग हुने गरेकोमा विभिन्न कारणले यी बालीको खेती र उपभोग निरन्तर घट्ने क्रममा रहेको पाइन्छ। तथापी, पछिल्ला केहि वर्षहरूमा यसको बहुआयामिक महत्व बारे सचेतना बढेको कारण कोदोजन्य बालीहरुको उत्पादनको माग बढिरहेको देखिन्छ। यस परिप्रेक्ष्यमा आन्तरिक रुपमा खाद्य सुरक्षा र पोषण सुधार तथा आयात प्रतिस्थापन र किसानको आम्दानी वृद्धि गर्नको लागि कोदोजन्य बालीको भूमिका महत्वपूर्ण हुने देखिएको सन्दर्भमा यस दिवसको विशेष महत्व छ।

नेपाल सरकारले विगत देखिनै कोदोजन्य बालीको उत्पादन तथा उत्पादकत्व वृद्धि एवं व्यवसायीकरणमा विभिन्न नीतिगत सहयोग लगायत संरक्षण एवं प्रवर्द्धनात्मक कार्यक्रमहरु सञ्चालन गरि आएको छ। यस क्रममा नेपाल कृषि अनुसन्धान परिषद अन्तर्गतको राष्ट्रिय जीन बैंकमा कोदोजन्य बालीका १३०० सय भन्दा बढि रैथाने प्रजाति संरक्षित छन् भने बीउ विजन ऐन, २०४५ को संसोधन मार्फत रैथाने तथा स्थानीय जातको राष्ट्रिय बीउ विजन समितिमा दर्ताको सरल व्यवस्था गरिएको छ। यसैगरी प्रदेश सरकार र स्थानीय तहसंगको सहकार्यमा कोदोजन्य बालीको संरक्षण र मूल्य श्रृंखला विकास लक्षित 'रैथाने बाली प्रवर्द्धन कार्यक्रम' र 'कृषि जैविक विविधता संरक्षण कार्यक्रम' विगत सात वर्षदेखि सञ्चालनमा रहेका छन्। यसै कार्यक्रमको फलस्वरुप विद्यालय दिवाखाजा र सरकारी कार्यालयमा स्थानीय कोदोजन्य परिकारलाई प्राथमिकता दिने चलन बढ्दै गएको छ भने निजी क्षेत्रले रैथाने हाटबजार र कोशेलीघर सञ्चालन गरी बजार प्रवर्धनमा सहयोग गरिरहेको छ। साथै, देशका विभिन्न भागमा कृषक समूह, सहकारी र सामुदायिक बीउ बैंकहरूले कोदोजन्य बालीको उत्पादन, संरक्षण र बजारीकरणमा महत्वपूर्ण योगदान दिइरहेका छन्। यी प्रयासहरुलाई निरन्तरता दिनुको साथै आगामी दिनमा कोदोजन्य बालीको संरक्षण र प्रवर्द्धनको लागि सम्बद्ध सबै पक्षसंग मिलेर कार्य गर्ने सन्दर्भमा वर्तमान सरकारको प्रतिवद्धता पनि व्यक्त गर्न चाहन्छु।

अन्त्यमा, यस कोदो दिवसले सम्पूर्ण सरोकारवालालाई कोदोजन्य बालीको महत्वबारे जागरुक बनाई उत्पादन र उपभोग वृद्धि गरी खाद्य सुरक्षा र दिगो कृषि प्रणाली निर्माणमा प्रेरित गरोस् भन्ने विश्वासका साथ स्वस्थ, समृद्ध र आत्मनिर्भर नेपाल निर्माणमा कोदोजन्य बालीले सशक्त भूमिका खेल्न सफल होस् भन्ने शुभकामना व्यक्त गर्दछु ।

मितिः २०८३।०४।१६

.................................

मन्त्री
गिता चौधरी

मा. गिता चौधरी
कृषि, वन तथा पर्यावरण मन्त्री